बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

मन्त्री

हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल



**"ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहार विरूद्धको २१ औं विश्व चेतना दिवसको शुभकामना"**

ज्येष्ठ नागरिकप्रति हुने दुर्व्यवहार विरुद्धको २१ औं विश्व चेतना दिवसको अवसरमा सम्पूर्ण ज्येष्ठ नागरिकहरूमा हार्दिक सम्मान तथा शुभकामना व्यक्त गर्दछु।

ज्येष्ठ नागरिकहरू समाजका अमूल्य सम्पत्ति, अनुभव र पुस्तान्तरणीय ज्ञानका स्रोत हुन। उहाँहरूको सम्मान, सुरक्षा, आत्मसम्मान र अधिकारको संरक्षण गर्नु प्रत्येक व्यक्ति, परिवार, समुदाय तथा राज्यको साझा जिम्मेवारी हो। यस दिवसले ज्येष्ठ नागरिकमाथि हुने शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक दुर्व्यवहारका सबै स्वरूप अन्त्य गर्न ठोस प्रतिबद्धता र व्यवहारिक पहलको आवश्यकता रहेको सन्देश दिन्छ।

**"Beyond Awareness: Making Elder Abuse Prevention Work"** भन्ने अन्तर्राष्ट्रिय नाराको आधारमा **" दुर्व्यवहार विरूद्ध सचेतनाको अभिवृद्धिः ज्येष्ठ नागरिकका लागि खुशी र समृद्धि"** भन्ने राष्ट्रिय नाराले हाम्रो समाजका अमूल्य धरोहरका रूपमा रहेका ज्येष्ठ नागरिकप्रति आदर, माया र जिम्मेवारीको भावना अभिवृद्धि गर्दै कुनै पनि प्रकारको दुर्व्यवहार, उपेक्षा र विभेदविरुद्ध एकजुट बन्न हामी सबैलाई अभिप्रेरित गर्दछ। ज्येष्ठ नागरिकमैत्री परिवार, समुदाय र समाज निर्माणमा सक्रिय सहभागिता जनाउँदै उहाँहरूको अनुभव र योगदानलाई उच्च सम्मान गरौं। यस वर्षको नाराले केवल सचेतना फैलाउने मात्र होइन, दुर्व्यवहार रोकथामका प्रभावकारी प्रणाली, कानुनी संरक्षण, पारिवारिक उत्तरदायित्व र सामाजिक सहयोगलाई व्यवहारमा कार्यान्वयन गर्न अभिप्रेरित गरेको छ।

नेपालको संविधानले समेत ज्येष्ठ नागरिकको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। यसका साथै ज्येष्ठ नागरिक सम्बन्धी ऐन तथा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था मार्फत उहाँहरूको जीवनलाई थप सहज सुरक्षित, सम्मानित र सहज बनाउने प्रयास भइरहेका छन्। कानूनी सुधारसँगसँगै मानवीय व्यवहार, सोच, संस्कार र सामाजिक सम्बन्धहरूमा समेत परिवर्तन गरी ज्येष्ठ नागरिकका लागि सम्मानित र सुरक्षित समाज निर्माण गर्नु अबको आवश्यकता हो।

**"ज्येष्ठ नागरिकका लागि खुशी र समृद्धि"** भन्ने भावनालाई आत्मसात गर्दै ज्येष्ठ सम्मान, माया, संरक्षण र आत्मीयता प्रदान गर्ने संस्कृतिको विकास गरी ज्येष्ठ नागरिकको सम्मान, खुशी र समृद्धिमा जोड दिऔं। कुनै पनि प्रकारको दुर्व्यवहार, उपेक्षा वा विभेदविरुद्ध एकजुट भई ज्येष्ठमैत्री समाज निर्माणमा सक्रिय बनौं। सामाजिक विकास मन्त्रालयका नीति तथा कार्यक्रम ज्येष्ठ नागरिकका हकहितका क्षेत्र रहेको प्रतिबद्धता समेत व्यक्त गर्दछु।

धन्यवाद।
जय नेपाल।

मा. कन्चन चन्द्र बादे
मन्त्री
सामाजिक विकास मन्त्रालय